# स्थानीय युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि २०८२

प्रमाणीकरण र प्रकाशन मिति :......................

**प्रस्तावनाः**

युवाको हक हितको संरक्षण, सम्वद्र्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत लम्कीचुहा निर्माणका लागि युवासम्बन्धी नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको प्रयोग गरी लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाले यो स्थानीय युवा परिषद्गठन तथा सञ्चालन कार्यविधि बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लम्कीचुहा नगरपालिका नगर युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको दिन देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"अध्यक्ष"** भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले परिषद्को कार्यकारी उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गतबनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) **"परिषद्"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम स्थापना भएको लम्कीचुहा नगरपालिकाको स्थानीय युवा परिषदलाई सम्झनुपर्छ ।

(ङ) **"युवा"** भन्नाले राष्ट्रिय युवा परिषद कार्यविधिले परिभाषित गरेबमोजिमका १६ देखि ४० बर्षका व्यक्ति सम्झनुपर्छ।



CamScanner

(च) **"विशेष समुदायको युवा"** भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, जनजाति, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका, सीमान्तकृत वा अल्पसंख्यक समुदायका युवा सम्झनु पर्छ ।

(छ) **"सदस्य"** भन्नाले स्थानीय युवा परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउँछ ।

(ज) **"क्लब"** भन्नाले यस कार्यविधि वा यस कार्यविधि अनुसार बन्ने नियमबमोजिम गठन हुने स्थानीय तहको हरेक वडामा गठन हुने १६ देखि २४ वर्षउमेर समूहका युवाहरू सम्मिलित युवाक्लबलाई जनाउँछ ।

(झ) **"नगरपालिका"** भन्नाले लम्कीचुहा नगरपालिका सम्झनु पर्छ।

(ट) यो कार्यविधि लम्कीचुहा नगरपालिकाको क्षेत्राधिकार भित्र लागू हुनेछ ।

## परिच्छेद –२

## स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**३. परिषद्को गठन :** (१) लम्कीचुहा नगरपालिकाले प्रस्तावनामा उल्लेख भएका उदेश्य पूर्तीका लागि स्थानिय युवा परिषद् स्थापना गरेको छ।

(२) उपदफा (१) मा लेखिए बमोजिम यस स्थानीय युवा परिषद्को गठन देहाय बमोजिमको हुनेछ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर प्रमुखले मनोनित मनोनित गरेको व्यक्ति – कार्यकारी उपाध्यक्ष

(ग) उद्योग, श्रम, कृषि, खेलकुद, साहित्य, कला, कानून, वातावरणको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नगर प्रमुखले मनोनित गरेको एक जना महिला समेत तीन जना – सदस्य

(घ) युवाको हक, हित संरक्षण र सम्बर्द्धनमा योगदान पुऱ्याएका युवाहरुमध्येबाट विशेष समुदायको युवाको प्रतिनिधित्व हुनेगरी दुई जना – सदस्य

(ङ) प्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखा – सदस्य सचिब

(च) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(३) यस कार्यविधिको दफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा नगर कार्यपालिकाले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) कार्यविधिको दफा (३) को उपदफा (२) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नुपर्नेछ।

(६) स्थानीय युवा परिषद्मा मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्नेछ नपाइएमा आधारभूत शिक्षा उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ।

**४. परिषद्को काम, कर्तव्य र अधिकार :** (१) यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी लम्कीचुहा नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) लम्कीचुहा नगर कार्यपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट निर्माण गरी स्वीकृतका लागी नगर कार्यपालिकामा पेश गर्ने,

(छ) युवा विकास, सशक्तीकरणका क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकालाई सुझाव दिने,

(ज) लम्कीचुहा नगरपालिकामा युवा जागरण, सशक्तीकरण र परिचालन गर्ने

(झ) लम्कीचुहा नगरपालिकामा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद सँग समन्वय, सहकार्य गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।



CamScanner

**५. परिषद्को बैठक र निर्णय:** (१) स्थानिय युवा परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को बैठक त्रैमासिक रुपमा कम्तिमा १ पटक र आवश्यकता अनुसार अन्य समय अध्यक्षको निर्देशनमा कार्यकारी उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य–सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय कार्यकारी उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**६. कार्यकारी उपाध्यक्ष सम्बन्धी व्यवस्था :-**

(१) नगर कार्यपालिकाले नगर युवा परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न कार्यकारी उपाध्यक्षको नियुक्ति गर्नेछ।

(२) कार्यकारी उपाध्यक्षको पारिश्रमिक र सुविधा नगर कार्यपालिकाले तोकेबमोजिमको हुनेछ।

(३) उपाध्यक्षको पदावधि चार बर्षको हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारीउपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा नगर कार्यपालिकाले निजलाई मनासिव कारण देखाएर नगर कार्यापालिकाको निर्णबाट जुनसुकै बखत कार्यकारी उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम पदबाट कार्यकारी उपाध्यक्षलाई हटाउनु अघि निजको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपाध्यक्षको सेवाको अन्य शर्त नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।



CamScanner

**७. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१)यस कार्यविधिको नियमउल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको नगर सभाबाट युवा सम्बन्धी स्वीकृत नीति, योजना र कार्यक्रम कार्यर्यान्वियन गर्ने, गराउने,

(ख) स्थानीय युवा परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) स्थानिय युवा परिषद् तथा समितिको माइनुट बमोजिमको निर्णय कार्यान्वियन गर्ने, गराउने,

(घ) नगर युवा परिषद्को बार्षिक रणनीति तथा कार्यक्रम बनाई नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद– ३

## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

**८. युवा क्लबको गठन:** (१) लम्कीचुहा नगरपालिकाका प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा वडा सदस्यको संरक्षकत्वमा युवा क्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवा क्लबमा सम्बन्धित वडा भित्रका स्थानीय युवा परिषद् कार्यविधिले तोकेको युवा उमेर समूहका सम्पूर्ण युवाहरू युवा क्लबका साधारण सदस्य हुन सक्नेछन्।

(३) वडामा गठन हुने वडास्तरीय युवा क्लबको १५ सदस्सीय कार्य समिति रहनेछ ।

(४) युवा क्लबका सदस्यहरूले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरू मध्येबाट छनौट गर्नेछन् । उक्त कार्य समितिमा कूल सदस्य संख्यामा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवा क्लबका सदस्य चयन गर्नका लागि वडा समितिले यस सम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवा क्लबका पदाधिकारीहरूको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

(७) वडास्तरीय युवा क्लबको सचिवालय सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

(८) प्रत्येक टोलमा २० जना युवा सम्मको टोल युवा क्लब गठन गर्न सकिनेछ । टोल युवा क्लबका युवाबाट वडास्तरीय युवा क्लब गठन हुनेछ ।



CamScanner

**९. युवा क्लबको काम, कर्तव्य र अधिकार:** (१) युवा क्लबको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ:

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण,बालअधिकार,मानव अधिकार, महिला अधिकार,शैक्षिक कार्यक्रम,लागु औषधविरूद्धका अभियान, साइबर अपराध रोकथाम, सामाजिक अन्धविश्वास र कुरीति विरूद्धका सचेतना अभियानहरूमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद पूर्व–तयारी तथा राहत र उद्धार कार्यमा वडा कार्यालय, नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद् र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरूलाई आ–आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा कार्यालयको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय युवा परिषदबीच समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रवद्र्धनमा टेवा पुर्याउने ।

(ञ) वडास्तरमा युवा तथ्याङ्क सङ्कलन गर्ने र आवश्यकता अनसार युवाको कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

(ट) लम्कीचुहा नगरपालिका भित्र हुने विभिन्न पर्व, जात्रा लगायतका कार्यक्रमको व्यवस्थापन गरी युवालाई परिचालन गर्ने।

## परिच्छेद– ४

## स्थानिय युवा परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

**१०. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः**

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका लम्कीचुहा नगरपालिकाको क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था परिषदमा आवद्ध हुनुपर्नेछ। तर, राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद्मा आवद्ध भइसकेका संघ संस्थाको हकमा यो उपदफा लागू हुनेछैन ।

(२) आबद्धताका लागि तपसील बमोजिमको विवरण खुलाई परिषद् समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिदा सम्बन्धित संघ संस्थाको विधानसमेत संलग्न गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन दिने संघसंस्थालाई आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले तोके बमोजिमको दस्तुर लिई अनुसूची २बमोजिमको ढाँचामा आबद्धता प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम आबद्ध भएका संघसंस्थाले प्रत्येक वर्षमा परिषद्ले तोके बमोजिमको दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम परिषद्सँग आबद्ध भएका संघ संस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नुपर्नेछ ।

(७) प्रचलित कानून विपरीत कार्य गरेको पाइएमा वा आबद्धता नवीकरण नगरेमा वा प्रत्यक आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा वा उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आबद्धता रद्द गर्न सकिनेछ।

(८) परिषद्मा आबद्ध संघ संस्थाले युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कुनै प्रकारको सहायता लिंदा वा दिंदा परिषद्को पूर्व स्वीकृती लिनुपर्नेछ ।

# परिच्छेद – ५

## सचिवालय तथा लेखा व्यवस्थापन

**११. परिषद्को सचिवालय** (१) लम्कीचुहा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय युवा परिषद्को सचिवालयको काम गर्नेछ ।

**१२. लेखा र लेखापरीक्षण** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा र लेखा परीक्षण लम्कीचुहा कार्यपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

# परिच्छेद–६

## विविध

**१३. भाग लिन नहुने:** (१) परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन नहुने।

**१४. कार्यदल गठन गर्नसक्ने** : (१) परिषद्ले यो कार्यविधि वा यस कार्यविधिअन्तर्गत बनेको अन्य नियमावली बमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दाका बखत परिषद्ले तोके बमोजिम हुनेछ ।

**१५. सेवा सुविधा तथा बैठक भत्ता :** (१) परिषद्का अध्यक्ष, कार्यकारी उपाध्यक्ष तथा सदस्यहरुले बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन् ।

**१६. वार्षिक प्रतिवेदन:** (१) परिषदबाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र लम्कीचुहा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) परिषद्ले आफुलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

**१७. निर्देशन दिनसक्ने :** (१) लम्कीचुहा नगर कार्यपालिकाले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

**१८. अधिकार प्रत्यायोजन :** (१) परिषद्ले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का उपाध्यक्ष, कुनै सदस्य वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**१९. सपथ ग्रहण:** (१) परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ४ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ ।

**२०. सहयोग गर्नुपर्ने:** परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२१. परिषद्को विघटन:** (१) यस परिषद्ले कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा लम्कीचुहा नगर कार्यपालिकाले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ ।

**२२. सम्पर्क राख्ने:** युवाको क्षेत्रमा काम गर्न परिषद्ले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्न सक्नेछ ।

**२३. संसोधन:** यस कार्यविधिलाई आवश्यक्ता अनुसार नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**अनुसूची ९**
**(दफा १० को उपदफा (२) सँग सम्बन्धित)**
**संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा**

मिति : ..................

श्री ...............................ज्यू,
श्री स्थानीय युवा परिषद्को कार्यालय
लम्कीचुहा नगरपालिका

विषय : आवद्ध हुन पाऊँ भन्ने बारे।

स्थानीय युवा परिषद् कार्यविधि २०८१ को दफा ८ को उपदफा (२) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने सर्तको पालना गर्न मञ्जुर छु ।

१. संस्थाको नाम ........................................
२. संस्थाको ठेगाना (क) नगर :................................................................ (ख) जिल्ला :...................................
(ग) फोन नम्बर..........................................................................
(घ) पत्रावस नं. ........................................
(ङ) इमेल: ..............................................
(च) वेभसाइट : .................................................................
३. संस्थाको उद्देश्य :
(क)
(ख)
(ग)
(घ)
४. संस्थाको नवीकरण बहाल रहने अवधि :
५. संस्थाका पदाधिकारीहरूको नाम र ठेगाना :
(क)
(ख)
(ग)
(घ)

**६. संलग्न कागजातहरू :**

(क) संस्था दर्ताको प्रमाणपत्र :

(ख) निवेदक संस्थाको विधानको प्रतिलिपि :

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन :

(घ) संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णय (संस्थाको निर्णय) को प्रतिलिपि :

संस्थाको छाप :
निवेदकको नाम, थर :
ठेगानाः
दस्तखत :
पद :
संस्थाको नाम :
ठेगाना

## अनुसूची २
## (दफा १० को उपदफा (४) सँग सम्बन्धित)
## संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा

### स्थानिय युवा परिषद्सँग आवद्धताको प्रमाणपत्र

यस युवा परिषद्सँग आवद्ध हुन पाऊँ भनी ............................. ................ (संस्थाको नाम र ठेगाना) ले मिति .............................. मा दिएको निवेदन कारवाही हुँदा परिषद्को मिति ....................................को निर्णयानुसार त्यस संघ वा संस्थालाई स्थानीय युवा परिषद् कार्यविधि २०८२, को दफा ८ को उपदफा (४) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

१. आबद्धता नम्बरः

२ आवद्धता कायम रहने अवधि: यो आवद्धाको नवीकरण गराएको अवस्थामा बाहेक मिति .................................. सम्म कायम रहनेछ ।

प्रमाण–पत्र प्रदान गर्ने अधिकारीको नाम, थर :

पद :

मिति :

**प्रमाण–पत्रको पछाडिपट्टि नवीकरण सम्बन्धी विवरण :**

| क्र सं | नवीकरण गर्ने कर्मचनरीको नाम | कर्मचारीको पद | हस्ताक्षर | नवीकरण कायम रहने अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |



CamScanner

# अनुसूची ३

## (दफा १० को उपदफा (५) सँग सम्बन्धित)

### <u>युवा क्लव/ युवा संस्था/ वडा सञ्चाल/ नवीकरणको दर्ता कितावको ढाँचा</u>

| क्र स | संस्था/क्लब/सञ्जाल को नाम ठेनाना | संस्था/ क्लब/ बाल सञ्जालमा सदस्य सङ्ख्या | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं र मिति | सम्पर्क नं | नवीकरण मिति | प्रमाणित गर्ने अधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |



CamScanner

## अनुसूची ४
## (दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

### पद तथा गोपनीयताको सपथ

म..............................................(सपथ लिने व्यक्तिको नाम) मुलक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु ईश्वर, देश र जनताका नाममा सपथ लिन्छु कि लम्कीचुहा नगरपालिकाको स्थानीय युवा परिषद्को .............................. पदको हैसियतले मलाई तोकिएको काम कर्तव्यप्रति पूर्णरुपमा बफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**सपथ ग्रहण गर्नेको,**
नाम :
दस्तखत :
पद :
कार्यालय :

**सपथ ग्रहण प्रमाणित गराउनेको,**
नाम :
दस्तखत :
पद :

.............................
सुशिला शाही
नगर प्रमुख, लम्कीचुहा नगरपालिका
प्रमाणित मितिः २०८२।...........।..........।



CamScanner